जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

*कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईँलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।*

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : mgnd2070@gmail.com

बर्षः १२, अंकः ११४ पृष्ठः ४ | २०८२ भदौ ०५ गते बिहिबार (Thursday 21 Aug. 2025) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

# गोलबजारमा ७० लाखको डिप बोरिङ्ग सञ्चालनमा, किसान खुशी



सिरहा, ४ भदौ। सिरहाको गोलबजार नगरपालिका-२ निपनियामा पूर्व कानुन मन्त्री लिलानाथ श्रेष्ठले करिब ७० लाख रुपैयाँ लागतमा निर्माण भएको सिचाइ डिप बोरिङको उद्घाटन गरेका छन्। उद्घाटनसँगै स्थानीय किसान उत्साहित भएका छन्। मधेश प्रदेश समृद्धि कार्यक्रम अन्तर्गत कमला सिचाइ परियोजनाबाट जडान गरिएको ८ इञ्च क्षमताको बोरिङसँगै १० हजार लिटर क्षमताको ट्याङ्की निर्माण गरिएको छ। उक्त प्रणालीमार्फत करिब ७० बिघा जमिनमा सिचाइ गर्न सकिने व्यवस्था मिलाइएको हो।

उद्घाटन समारोहमा बोल्दै पूर्वमन्त्री श्रेष्ठले वर्षा अभावका कारण मधेशका किसान खेती गर्न नसकेको अवस्थामा बोरिङको सञ्चालनले राहत दिने बताए। उनले सञ्चालनमा आएको बोरिङलाई दीर्घकालीन बनाउन उपभोक्ताले समिति बनाएर संरक्षण गर्नुपर्नेमा जोड दिए। त्यसैगरी, गोलबजार नगर प्रमुख श्यामकुमार श्रेष्ठले दुई वर्षअघि आफुले आग्रह गरेपछि एकैपटक ६ वटा डिप बोरिङको बजेट ल्याइएको स्मरण गर्दै तीमध्ये सबै बोरिङ सञ्चालनमा आइसकेको बताए। उनका अनुसार अब बाँकी रहेको ट्रान्सफर्मर पनि छिट्टै जडान गरिनेछ।

स्थानिय उपभोक्ता बिन्देश्वर साहले अहिले मधेशमा खडेरीका कारण खेतीमा समस्या भएको बताउँदै भने, मैले डेढ बिघा जग्गामा खेती गर्छु, तर यसपटक पानी नपरेकाले ७–८ कठामा मात्रै रोपाइ गर्न सकेँ। अब बोरिङ सञ्चालनमा आएपछि खेती गर्न सजिलो हुन्छ भन्ने आशा पलाएको छ। उनले ट्रान्सफर्मर चाँडै जडान गर्न मेयर र मन्त्रीसँग आग्रह पनि गरे। अर्का स्थानीय रामभरोसी कामतीले अघिसम्म अकासे पानीकै भरमा खेती गर्नुपरेको अनुभव सुनाउँदै भने,पहिला खेती गर्न निकै समस्या हुन्थ्यो। अब डिप बोरिङ सुरु भएपछि सजिलै खेती गर्न सक्ने अवस्था बनेको छ। बोरिङ सञ्चालनमा आएपछि किसानमा उत्साह छाएको छ भने उनीहरूले यसलाई दीर्घकालीन बनाउन सबै सरोकारवालालाई ध्यान दिन आग्रह गरेका छन्।

# रौतहटमा छुरा प्रहार हुँदा एक जनाको मृत्यु



रौतहट, ४ भदौ। रौतहटमा बुधबार दिउँसो एक युवकमाथि छुरा प्रहार गरिएको छ। गौर नगरपालिका वडा नम्बर ५ स्थित गौरीशंकर क्याम्पस नजिक युवकमाथि छुरा प्रहार गरिएको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ। प्रहरीका अनुसार छुरा प्रहारबाट एक जनाको मृत्यु भएको छ। यद्यपि मृतकको पहिचान खुलेको छैन। गौर नगरपालिका वडा नम्बर ३ का २० वर्षीय युवक सनोज रामले आफ्नै साथीमाथि छुरा प्रहार गरेको जिल्ला प्रहरी कार्यालय रौतहटका प्रवक्ता प्रहरी नायव उपरीक्षक(डिएसपी) राजु कार्कीले बताए। घटनाबारे प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।




# नेपाल ईँटा उद्योग महासंघ मधेश प्रदेशको अध्यक्षमा पुनः साह



सिरहा, ४ भदौ। नेपाल ईँटा उद्योग महासंघ मधेश प्रदेशको जनकपुरमा बुधबार सम्पन्न दोस्रो अधिवेशन तथा तेस्रो साधारणसभाले सर्वसम्मत रुपमा पुनः विक्राम साहको अध्यक्षतामा १७ सदस्यी प्रदेश समिति चयन गरेको छ। समितिको बरिष्ठ उपाध्यक्षमा नवलकिशोर साह, उपाध्यक्ष संजय चौधरी, महासचिव अशोक जयसवाल, कोषाध्यक्ष रामबाबु पञ्जीयार चयन भएका छन्।

त्यसैगरी, सदस्यहरुमा मो. मुसलिम मिया र कृष्ण देव पण्डित सप्तरी, पुनम चौधरी र रामकृपाल यादव सिरहा, लक्ष्मण राय यादव धनुषा, मनोस साह महोत्तरी, विष्णु प्रसाद मैनाली सर्लाही, गेनालाल प्रसाद, बेदे आले रौतहट, ओमप्रकाश यादव वारा र गौरी शंकर साह पर्सा चयन

**–बाँकी तीन पेजमा**

## मानव बेचबिखन अपराध हो ।

- मानिसलाई झुक्याएर बन्धक बनाउने वा दास बनाउने,
- मानिसलाई खरिद बिक्री गर्ने र जवरजस्ती काममा लगाउने,
- ८ कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउने,
- प्रचलित कानून विपरीत मानव अङ्ग झिक्ने वा व्यापारिक प्रयोजनमा खरिद बिक्री गर्ने,
- वेश्यागमन गर्ने वा गराउनेजस्ता कार्य मानव वेचविखन मानिने कार्य हुन्।

यस्ता कार्य गर्ने गराउने व्यक्तिलाई कानूनबमोजिम कारवाही हुन्छ।
त्यस्तो कार्य कहिकतै भए गरेको जानकारी भए नजिकको प्रहरीमा खबर गरौं।

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**

## सम्पादकीय

### सञ्चालनविहीन डिप बोरिङ: सरकारी अकर्मण्यताको अर्को उदाहरण

सिरहा जिल्लामा गाडिएका ४३३ वटा डिप बोरिङमध्ये आधाभन्दा बढी अहिलेसम्म पनि सञ्चालनमा आउन सकेका छैनन् भन्ने तथ्यले राज्यको योजना कार्यान्वयनको कमजोरी र स्थानीय तहमा देखिएको लापरवाही उजागर गरेको छ। कृषि ज्ञान केन्द्र सिरहाका प्रमुख नरेन्द्रकुमार महासेठका अनुसार धेरै डिप बोरिङ विद्युत् ट्रान्सफर्मर नजडिएको, पाइपलाइन नओछ्याइएको र उपभोक्ता समिति गठन नहुनु जस्ता कारणले निष्क्रिय छन् ।

प्रधानमन्त्री केपी शर्मा ओलीले मधेशलाई सुख्खाग्रस्त घोषणा गरेपछि सिँचाइ सुविधा विस्तार गर्ने उद्देश्यले सिरहामा मात्र ५०० डिप बोरिङ जडान गर्ने योजना बनाइएको थियो। तर आज ३० वर्ष नाघिसकेका बोरिङ पनि अझै चालु हुन सकेका छैनन्। उदाहरणका लागि, सखुवानन्कारकटी गाउँपालिकाको महदेवा गाउँमा ३२ वर्षअघि डिप बोरिङ जडान गरिएको भए पनि सञ्चालनमा आएको छैन।

विभिन्न पालिकाहरूको विवरण हेर्दा समस्या झन् गम्भीर देखिन्छ। मिर्चैया नगरपालिकामा ३३ मध्ये २४, अर्नमा गाउँपालिकामा १५ मध्ये १४, सिरहा नगरपालिकामा २६ मध्ये १५, सुखीपुर र लक्ष्मीपुर पतारीमा त एउटा पनि डिप बोरिङ सञ्चालनमा छैन। यस्तो लापरवाहीले कृषकहरू निराश छन्, उत्पादनमा असर परेको छ, र जलस्रोत उपयोग गर्ने अवसर खेर गइरहेको छ।

प्रश्न उठ्छ, योजनाका लागि बजेट छुट्याएर पनि किन यस्तो निष्क्रियता देखिएको हो? के योजनाको निगरानी गर्ने संयन्त्र कमजोर भयो, कि राजनीतिक लाभका लागि मात्र घोषणा गरियो? यी उत्तरहरूको खोजी आवश्यक छ। आज पनि किसानहरू सिँचाइको भरपर्दो स्रोतको अभावमा मौसमी वर्षामा निर्भर छन्। जसको प्रत्यक्ष असर कृषि उत्पादनमा पर्न गएको छ। यस वर्ष सिरहामा ८८.१७ प्रतिशत मात्र रोपाइँ सम्पन्न भएको छ, जुन विगतका वर्षको ९६ प्रतिशत औसतभन्दा निकै कम हो। विशेषतः उत्तरी भेगमा रोपाइँको अवस्था कमजोर छ।

सरकार र स्थानीय तहले अब गम्भीर भएर योजनाको पुनरावलोकन गर्नुपर्छ। १० बिघासम्म जमिन सिँचाइ गर्न सक्ने एक डिप बोरिङ निष्क्रिय रहँदा राज्यको स्रोत, श्रम र समय सबै बर्बाद हुन्छ। जडान गरिएका तर संचालनमा नआएका बोरिङको तत्काल अनुगमन, मर्मत र सञ्चालनमा ल्याउने कार्य प्राथमिकतामा पर्नुपर्छ। त्यस्तै, नयाँ बोरिङ जडानभन्दा पहिले पुराना बोरिङलाई पूर्ण रुपमा उपयोगमा ल्याउने रणनीति अपनाउनुपर्छ। आवश्यक छ भने स्थानीय सरकार, प्रदेश र संघबीच सहकार्य गरी बजेट, प्राविधिक सहयोग र व्यवस्थापन सुनिश्चित गरिनुपर्छ।

मधेशका किसानको सपना अझै सरकारी उदासीनताको ओझेलमा परिरहेछ। अब ढिलो नगरी कार्यान्वयनको पक्षमा जिम्मेवार ढंगले अगाडि नबढे स्थायी कृषि पूर्वाधारको सपना केवल भाषणमै सीमित हुनेछ।

## गाँजासहित एक पक्राउ

रौतहट, ४ भदौ। रौतहटको गुजरा नगरपालिका–२ बाट प्रहरीले गाँजासहित एक जनालाई नियन्त्रणमा लिएको छ। जिल्ला प्रहरी प्रमुख एसपी नेत्रमणि गिरीका अनुसार गुजरा–२ निवासी ५५ वर्षीय गोपालबहादुर थिङ गाँजासहित पक्राउ परेका हुन्। थिङले आफ्नै घरमा लागूऔषध गाँजा खरिद–बिक्री गर्दै आएको भन्ने गोप्य सूचनाको आधारमा प्रहरी चौकी रंगपुर र इलाका प्रहरी चन्द्रनिगाहपुरबाट खटिएको संयुक्त टोलीले खानतलासी गरेको हो।

प्रहरीले उनको घर खानतलासी गर्दा कोठामा लुकाइराखेको करिब साढे ३ किलो गाँजा बरामद गरेको जनाएको छ। सोही क्रममा प्रहरीले ७८ हजार नेपाली रुपैयाँ र ६ सय १० भारतीय रुपैयाँ पनि फेला पारेको छ। पक्राउ परेका थिङलाई थप अनुसन्धानका लागि इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरमा राखी अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ। गाँजा उनले कहाँबाट ल्याएका हुन् भन्नेबारे अनुसन्धान भइरहेको प्रहरीले जानकारी दिएको छ।

# भूमिसुधारको मर्ममाथि प्रहार : विवादास्पद भूमि विधेयक

**प्रमेश पोखरेल**

नेपालमा भूमिसुधारको विषय २००७ सालको राजनीतिक परिवर्तनदेखि नै ज्वलन्त रूपमा उठेको विषय हो। विशेषतः कम्युनिस्ट पार्टीको स्थापनापछि यो बहस केन्द्रीय मुद्दाका रूपमा रहँदै आएको छ। त्यतिबेला उठेका 'जसको जोत उसको पोत', 'जग्गा जमिन जोत्नेलाई' जस्ता नाराले भूमिहीन, मोही र किसानहरूमा नयाँ आशा जगाएको पनि हो। प्रजातन्त्रको उदयसँगै देशमा किसान आन्दोलनको उभार देखियो। यसैको जगमा त्यतिबेला भूमिसुधारका प्रयास नभएका पनि होइनन् तर तिनले पूर्णता पाउन सकेनन्। २०१३ सालमा जग्गा तथा कमाइ लगत खडा गर्ने ऐन, २०१४ मा भूमिसम्बन्धी ऐन, २०१६ मा बिर्ता उन्मूलन ऐनजस्ता केही काम भए पनि किसानका पक्षमा उल्लेखनीय काम हुन सकेन र किसान आन्दोलन पनि रोकिएन। यसै पृष्ठभूमिमा आन्दोलनको उभार रोक्न, औलो उन्मूलनपछि तराईमा जग्गा वितरण गर्न, सीमा क्षेत्रमा पहाडियाको बस्ती राखी राष्ट्रियता मजबुत बनाउन तथा बढ्दो निरङ्कुशताविरोधी आन्दोलनलाई विभाजन गर्न राजा महेन्द्रले भूमिसम्बन्धी ऐन २०२१ अघि सारेका थिए तर सैद्धान्तिक कमजोरी, संशोधनमा अपरिपक्वता र कार्यान्वयनमा देखिएका कमजोरीले गर्दा आज पनि लाखौँ नेपाली भूमिहीन छन्।

आज यहाँ भूमिसम्बन्धी मुद्दा थप पेचिलो र चुनौतीपूर्ण बन्दै आएको छ। संसद्मा भूमिसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक (२०८२) प्रस्तुत भएको छ। यसले भूमिसम्बन्धी विद्यमान समस्या समाधान गर्ने र भूमिहीनलाई स्वामित्व प्रदान गर्ने प्रचार गरिएको छ तर भूमिसँग मुछिएका थुप्रै मुद्दा, हदबन्दीभन्दा बढी जग्गा बिक्रीजस्ता विषयलाई गोलमटोल गरी ल्याइएका यसभित्रका प्रावधानहरूले गम्भीर चिन्ता र आलोचना निम्त्याएका छन्। त्यसैले उक्त विधेयकका विवादास्पद प्रावधानहरू, यसको ऐतिहासिक सन्दर्भ, गिरीबन्धु टी–इस्टेट जग्गा प्रकरणसँगको सम्बन्ध र यसले भूमिसुधारको मर्ममाथि पुर्‍याउन सक्ने असरहरूको विस्तृत विवेचना गरिनुपर्ने देखिन्छ।

**भूमिसुधार आन्दोलनको मर्म**

नेपालमा भूमिसम्बन्धी आन्दोलनको लामो इतिहास छ। २१औँ शताब्दीको पहिलो दशकदेखि नै विभिन्न राजनीतिक दल र किसान संगठनहरूले भूमिसुधार र किसान अधिकारलाई आफ्नो प्रमुख एजेन्डा बनाएका थिए। त्यसपछि जारी भएको भूमिसुधार ऐनले हदबन्दी, मोही अधिकार र जग्गाको वितरणलाई व्यवस्थापन गर्न खोजेको त थियो तर त्यसमा पनि जमिनदारहरूको हितमा रहने गरी थुप्रै छिद्रहरू राखिए। पछि अखिल नेपाल किसान महासंघको नेतृत्वमा भूमिको न्यायिक वितरण र भूमिहीनहरूको अधिकारका लागि निरन्तर संघर्ष भयो। यसको बलमा नेपालको संविधान ( २०७२) ले पनि सबै नागरिकलाई आवास, खाद्य अधिकार, खाद्य सम्प्रभुता, सामाजिक सुरक्षा, समानता र मर्यादित जीवन सुनिश्चित गर्न भूमिको पहुँचलाई आधारभूत अधिकारका रूपमा स्थापित गर्‍यो। आज कानुन निर्माणको यस चरणमा आइपुग्दा समाजवादी मर्म कुण्ठित हुने खतरा विद्यमान छ।

भूमिसुधारको मर्म केवल जग्गा वितरणमा सीमित छैन। यो त वर्षौंदेखि भूमि अधिकारबाट वञ्चित समुदायलाई न्याय दिलाउने अनि उनीहरूको आर्थिक, सामाजिक र राजनीतिक अधिकार स्थापित गर्ने प्रक्रिया हो। आज पनि लाखौँ वास्तविक किसानहरूले आफूले जोतेको जमिनको स्वामित्व पाउन सकेका छैनन् र भूमिहीन, सुकुम्बासी वा अव्यवस्थित बसोबासीको पहिचानमा बाँचिरहेका छन्। अझ तितो यथार्थ के छ भने २०४६ को परिवर्तन तथा नेपालमा गणतन्त्रको स्थापनापछि पनि भूमिसम्बन्धी समस्या यथावत् छन्। यसमा पनि कम्युनिस्टहरू नै यसप्रति गम्भीर नदेखिनु र क्रान्तिकारी वा वैज्ञानिक भूमिसुधारका नाममा हलो अड्काउँदै सरकारी अधीनस्थ जमिन टुक्राउनु र निजीलाई पोस्न संलग्न रहनु थप विडम्बना बनेको छ ।

भूमिका बारेमा २०४६ पछि यहाँ १९ वटा आयोग र उच्चस्तरीय समितिहरू बनिसकेका छन् तर यी कार्यकर्ताको भर्ती गर्ने, सरकारी बजेट सिध्याउने तथा केही आसेपासे र नक्कली सुकुमबासीलाई पुर्जा वितरण गर्नेबाहेक वास्तविक समस्याको दीर्घकालीन समाधान गर्नेतर्फ उदासीन रहँदै आए। हिजोआज केही वामपन्थी नेपालमा जनवादी पुँजीवादी क्रान्ति सम्पन्न भएको तर्क गर्छन्। गणतन्त्रको स्थापनापछि धेरैजसो समय सरकारको नेतृत्व गरेका यी पार्टीले विगत १५ वर्षमा सामन्तवादी उत्पादन संरचना भत्काउने, उत्पादनका सम्बन्धमा परिवर्तन ल्याउने तथा जमिन लगायतका स्रोतको न्यायोचित वितरण गर्नेतर्फ केही कामै गरेनन्, उल्टै तिनले यसलाई ध्वंस गर्ने, दलाल वित्तीय पुँजीवादलाई प्रश्रय दिने र सार्वजनिक स्रोतको व्यापारीकरणलाई प्रोत्साहन गर्ने नीति अघि सारे। यसैले कृषि क्षेत्रमा विकराल समस्या ल्याएको हो र राष्ट्रिय सम्प्रभुतालाई इतिहासकै कमजोर स्थितिमा पुर्‍याएको हो।

**विधेयकका विवादास्पद प्रावधान**

यस विधेयकलाई सतही रूपमा हेर्दा भूमिहीन, सुकुमबासी, दलित र अव्यवस्थित बसोबासीलाई जग्गा दिने उद्देश्यले ल्याइएको जस्तो देखिन्छ तर यसमा गम्भीर नीतिगत त्रुटि छन् जसले यसको वास्तविक उद्देश्यमाथि प्रश्न खडा गरेको छ। यसलाई खासमा यसभन्दा अघि केपी ओलीकै नेतृत्वको सरकारले अघि सारेका दुईवटा विधेयकको नयाँ शृंखलाका रूपमा लिइनुपर्छ। यो संशोधन विधेयकले पहिलेका संशोधनले बनाएका संरचनात्मक तयारीलाई अन्तिम रूप दिने प्रयास गरेको छ। एकैपटक यस्तो काम गर्दा जनताले सहजै बुझ्ने हुनाले चरण–चरणमा यस्ता संशोधन ल्याइएको हो।

पहिलोपटक २०७६ मा अघि सारिएको भूमिसम्बन्धी ऐनको संशोधनले घरजग्गा व्यवसाय गर्ने कम्पनीहरूलाई हदबन्दी निर्धारण गर्ने अधिकार सरकारलाई दिएको पाइन्छ, साथै हदबन्दी उल्लंघन गर्ने कम्पनीहरूलाई जग्गा वैध बनाउन तीन महिनाको समय दिने कुरा गर्छ। खासमा यस ऐनले हदबन्दी हटाउने तथा सरकारलाई घरजग्गा व्यवसाय गर्ने कम्पनीलाई हदबन्दी तोक्ने नाममा हदबन्दीभन्दा बढीको जमिनलाई वैध बनाउन यसरी समय थपिएको हो। दोस्रोपटक २०८१ मा लगानी सहजीकरणसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने ऐनले जग्गा दलालहरूलाई हदबन्दीको प्रावधानबाट अलग राख्ने गरी २०७६ मा हदबन्दीभन्दा बढीको छुटमा समावेश नभएका र अघिल्लो छुटमा नपरेका व्यक्तिलाई समेत समेट्ने गरी थप छ महिना समय थप गरेको देखिन्छ।

तेस्रोपटक हालको विधेयक तिनै हदबन्दीभन्दा बढी जग्गा पाएका व्यक्ति र कम्पनीलाई विनाअवरोध किनबेच गर्न सकिने गरी आएको छ। अझ सहज रूपमा गिरीबन्धु चिया बगानको जग्गा हिनामिनासँग दाँजेर हेर्दा सहज रूपमा बुझ्न सकिन्छ। यी संशोधनहरूको उद्देश्य स्पष्ट रूपमा बुझ्न सकिन्छ। खासमा स्वार्थ समूहले तोकेको हदबन्दीभित्रको जग्गा विकासका नाममा घडेरी, घर वा आवास निर्माण गरी बिक्री गर्न पाउने व्यवस्थालाई वैध बनाउन यो संशोधन आएको हो। यसका साथै घरजग्गाको कारोबार गर्ने कम्पनीलाई विनानियमन हदबन्दी छुटको जग्गा बिक्री गर्न दिने व्यवस्था, सूचित आदेशले तोकेको हदबन्दी, अव्यवस्थित बसोबासी, वन र राष्ट्रिय निकुञ्जको पुनःनक्सांकनजस्ता विषयमा यो विधेयक विवादास्पद छ।

विधेयकको सबैभन्दा विवादास्पद प्रावधानमध्ये एक हो हदबन्दीभन्दा बढी जग्गा भएका कम्पनीहरूलाई घडेरी विकास गरी बिक्री गर्न दिने व्यवस्था। यसले रियल इस्टेट कम्पनीहरूलाई कृषि जग्गा र हदबन्दी छुट पाएको जग्गा व्यावसायिक प्रयोजनमा प्रयोग गर्न बाटो खुल्छ। यस प्रावधानको आलोचना गर्दै सांसदहरूले हदबन्दी छुट पाएको जग्गालाई व्यावसायिक प्रयोजनमा प्रयोग गर्न नपाइने गरी संशोधन प्रस्ताव दर्ता गरेका छन्। यो व्यवस्थाले अनियन्त्रित सहरीकरणलाई प्रोत्साहन गर्ने र कृषियोग्य जमिनको विनाश गर्ने खतरा बढाएको छ।

विधेयकमा आवास तथा अपार्टमेन्ट व्यवसायका लागि वातावरणीय प्रभाव मूल्याङ्कन ( ईआईए) र विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) अनिवार्य नहुने प्रावधान राखिएको छ। यसले जथाभावी निर्माण र पारिस्थितिकीय प्रणालीमा क्षति पुऱ्याउन सक्ने भन्दै वातावरणविद्ले चिन्ता व्यक्त गरेका छन्। अर्कोतर्फ, विधेयकले सरकारी अभिलेखमा वन वा वन क्षेत्र भनी अभिलेख भएको जग्गालाई पुनर्नक्साङ्कन गरी वन क्षेत्रबाट छुट्ट्याई नेपाल सरकारको नाममा कायम गर्न सक्ने व्यवस्था गरेको छ। यस प्रावधानले वनविनाश र जैविक विविधताको क्षयीकरणलाई बढावा दिने जोखिम छ ।

यो विधेयकले स्थानीय सरकारको अधिकारमाथि हस्तक्षेप गर्ने टिप्पणी स्थानीय सरकारका प्रतिनिधिहरूले गरेका छन्। यसले संविधान, स्थानीय सरकार सञ्चालन ऐन र अन्तर–सरकारी वित्त व्यवस्थापन ऐनको मर्मविपरीत छ र स्थानीय सरकारको २२ वटा एकल अधिकार क्षेत्रलाई क्रमशः समाप्त पार्ने प्रयास गरेको छ। सरकारले यसअघि अध्यादेशमार्फत ल्याएको असफल प्रयासपछि अहिले यही विषयलाई विधेयकको रूपमा ल्याउनु प्रक्रियागत त्रुटि भनिन्छ। यसलाई संसदीय समितिमा पर्याप्त छलफल नगरी फास्ट ट्र्याकबाट पारित गराउने प्रयासले उद्देश्यमाथिको शङ्कालाई बढावा दिएको छ।

**गिरीबन्धुको खेल**

गिरीबन्धु टी–इस्टेट प्रकरणसँग जोडेर यस विधेयकको सबैभन्दा ठुलो आलोचना भएको छ। झापामा रहेको यो भूमिसम्बन्धी विषय हदबन्दी छुटको जग्गा सट्टापट्टा गरी व्यावसायिक प्रयोजनमा प्रयोग गर्न दिने तत्कालीन सरकारको निर्णयलाई सर्वोच्च अदालतको संवैधानिक इजलासले बदर गरिदिएको घटनासँग जोडिएको छ। अदालतले हदबन्दीभन्दा बढीको जग्गा जुन प्रयोजनका लागि छुट दिइएको हो, त्यो प्रयोजनमा प्रयोग नभएमा स्वतः सरकारको स्वामित्वमा आउनुपर्ने फैसला सुनाएको थियो।


यस विधेयकको हदबन्दी छुटको जग्गालाई घडेरी विकास गरी बिक्री गर्न दिने प्रावधानले सर्वोच्च अदालतको फैसलालाई निष्क्रिय पार्ने प्रयास गरेको देखिन्छ। आलोचकले यो विधेयकलाई कानुनको खोलमा लुकेको नीतिगत खेल भनेका छन्। यसको मुख्य उद्देश्य विगतका भ्रष्टाचार र नीतिगत त्रुटिहरूलाई वैधानिकता प्रदान गर्नु हो। यस्ता कानुनसँग बाझिएका विषय जुनसुकै बेला पनि खोजिन र मुद्दा चल्न सक्छ, त्यसैले सरकारले यो विधेयक ल्याएर आफ्ना कुकृत्यलाई वैध बनाउन चाहन्छ र भूमिहीनलाई जग्गा दिने बहानामा भूमाफिया र ठुला व्यापारीलाई फाइदा पुऱ्याई लाभांश लिन चाहन्छ। क्रान्तिकारी भूमिसुधारलाई कार्यान्वयनमा लैजाने असल नियत भए यस्ता विवादास्पद प्रावधान जोड्नैपर्दैन।

**निष्कर्ष**

प्रस्तुत विधेयकले नेपालमा

–बाँकी तीन पेजमा

# हार्दिक श्रद्धाञ्जली



**जन्म मिति :**
२०२२ जेष्ठ २५ गते

**स्वर्गवास:**
२०८२ श्रावण २६ गते

## सत्यनारायण ठाकुर हजाम

मार्गानुगामी दैनिकको सहयोगी कपिल देव ठाकुरको बुवा सत्यनारायण ठाकुर हजामाको यही मिति २०८२ श्रावण २६ गते, निधनले हामी स्तब्ध भएका छौं।

यस दु:खद घडीमा शोकाकुल परिवारजन तथा इष्टमित्र एवं आफन्तहरुमा धैर्य धारण गर्न सक्ने शक्ति मिलोस् भन्ने कामनासहित उहाँको दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं।

**मार्गानुगामी दैनिक**
**सम्पूर्ण परिवार**

# जोखिममा चुरे क्षेत्रका वस्ति



**रवीन्द्र उप्रेती**

बर्दिबास, ४ भदौ। महोत्तरीको उत्तरी भेगमा परेको वर्षाले चुरे क्षेत्रका वस्तिहरुलाई जोखिममा पारेको छ। विगत केही दिनदेखि परेको अविरल वर्षाका कारण चुरे भेगका पाँच वटा वडाका दर्जनभन्दा बढी वस्ति जोखिममा परेको वडाध्यक्षहरुको भनाइ छ। लगातारको वर्षापछि धेरै ठाउँमा आवागमन ठप्प भएको छ भने कतै बाढीले खानेपानीको मुहानमासमेत क्षति पुऱ्याएपछि जनजीवन थप कष्टकर बनेको छ। वडा नं ३ का वडाध्यक्ष विराट विष्टका अनुसार भुल्के खोलाको बाढीले सुदूर उत्तरवर्ती पर्साइधाप गाउँ नै जोखिममा परेको छ।

बाढीले जीर्ण अवस्थाको तारजालीमा क्षति पुऱ्याएपछि ११२ घरधुरी रहेको पर्साइधाप र त्यहाँको दुई सय बिगा खेतीयोग्य जमिन कटानको जोखिममा छ। स्थानीय मैते मुक्तानकाअनुसार बाढीले गाउँदेखि २ किलोमिटर उत्तर जालीसहित तटवन्ध उधिनेकाले जोखिम बढेको हो। उहाँले भन्नुभयो, "ठुलो बाढी आयो भने वस्ति नै बगाउने खतरा छ। त्रासले गाउँलेको भोकतीर्खा हराएको छ।" वडाध्यक्ष विष्टले भन्नुभयो, "खोलासम्म डोजर पुऱ्याउन सकिए पनि बाढी आउने क्रम नथामिएकाले पूर्ण क्षमतामा तटवन्ध मर्मत गर्न सकिएको छैन।" चुरे भेगमा मङ्लबार अपराहन पनि वर्षा भएपछि खोला पुगेको डोजरले काम गर्न नसकेको स्थानीयले जनाएका छन्। विष्टका अनुसार वर्षा लागे यता वडाको पर्साइधाप मात्र जोखिममा छैन। रातु र उर्रा खोलाको क्षतिले राजावास, कालापानी र मर्का गाँउबीचको सम्पर्क पनि कटेको छ।

विष्टले भन्नुभयो, "यी वस्तिको अवस्था पीडादायी छ। पाटूदेखि भवसी जाने बाटो पनि क्षतिग्रस्त छ। यी भेगमा सवारी आवागमन ठप्प हुँदा सुत्केरी बिरामीको विचल्ली छ।" बाढी र वर्षाले वडा नं ४ लाई पनि दु:ख दिएको छ। त्यहाँको राना टोल जाने बाटोमा क्षति पुग्दा आवागमन बन्द छ। वडाध्यक्ष अक्कलबहादुर तामाङका अनुसार चेरु खोलाले भक्तीपुर खानेपानी मुहानमा क्षति पुऱ्याउदा सय परिवार समस्यामा छन्। वडाध्यक्ष तामाङले भन्नुभयो, "खोलाको लेदो माटेले मुहान धमिलिएको छ। मुहानको आपतकालीन सुरक्षाका लागि वडा र नगरपालिका मिलेर प्रयास सुरु गरेका छौं।"

दर्जनभन्दा बढी खोला र खहरेको घेरावन्दीमा परेको वडा नं ५ पनि बाढी र वर्षाले आक्रान्त छ। बाढी बर्षाले धान खेत र बाटोघाटोमा क्षति पुग्नाले वडाको जनजीवन प्रभावित भएको उहाँले बताउनुभयो। स्याङतानले भन्नुभयो, "वडामा मडाहा, सिर खोला, ढुङग्रे, टुटेश्वर र गढन्ता गरि ५ वटा ठुला नदी छन्। त्योभन्दा बढी खहरे र खोल्सीहरु छन्। बाढी आउदा वडाको आवागमन घण्टौसम्म ठप्प हुन्छ। बाढी घटेपछि पैदल आवागमन खुले पनि क्षतिग्रस्त सडकमा सवारी गुडन सकेको छैन। वरडाँडासमेत सुदूर उत्तरवर्ती वस्तिको सम्पर्क अहिले पनि टुटेको छ।"

खोला र खहरेमा आएको बाढीले नगरक्षेत्रको खयरमारास्थित वडा नं १० र ११ को अवस्था पनि प्रभावित भएको वडा नं १० का वडाध्यक्ष प्रमोद मोक्तानले बताउनुभयो।

## भूमिसुधारको...

वास्तविक भूमिसुधारलाई सम्बोधन गर्नुको साटो भूमिको व्यावसायीकरण, नीतिगत भ्रष्टाचार र सीमित वर्गको स्वार्थलाई संरक्षण गर्न खोजेको देखिन्छ। यसले एकातिर भूमिसम्बन्धी न्यायको पर्खाइमा रहेका लाखौं भूमिहीनहरूलाई ललिपप देखाएको छ भने अर्कोतिर यसका प्रावधानले हदबन्दी छुटको दुरुपयोगलाई वैधानिकता दिएको छ। यसले गर्दा भूमिसुधारको मर्म कमजोर हुनुका साथै प्राकृतिक स्रोत र वातावरणीय सन्तुलनमा पनि गम्भीर खतरा उत्पन्न भएको छ। विगतदेखि भूमि बैङ्क र कृषिमा बहुराष्ट्रिय कम्पनीजस्ता साम्राज्यवादी एजेन्डा भित्र्याउन पटक–पटक प्रयास गरेका हालका सरकारप्रमुख देश र जनताप्रति भन्दा आफ्ना स्वार्थमा केन्द्रित भएकाले यसपालि विधेयक पास गराउन जोडतोडले लागिपरेका छन्।

अन्ततः नेपालको भूमिसुधार आन्दोलनले खोजेको भूमिको न्यायिक वितरण र भूमिहीनहरूको अधिकार सुनिश्चित गर्ने हो भने यो विधेयकका विवादास्पद प्रावधानहरूलाई सच्याउन आवश्यक छ। अन्यथा यसले भूमिसम्बन्धी समस्यालाई समाधान गर्नुको सट्टा अझ जटिल बनाउने छ र भूमिमाथि आम जनताको पहुँचलाई थप संकुचित तुल्याउनेछ। त्यसैले विधेयक दीर्घकालीन रूपमा कृषि क्षेत्र मात्र होइन, सम्पूर्ण क्षेत्रलाई प्रभाव पार्ने खालको देखिएकाले यसलाई यही स्थितिमा पारित गर्नुहुँदैन। यसका लागि आम रूपमा सचेतना, पैरवी र संघर्ष आवश्यक छ।

## नेपाल इँटा ..

भएका छन्। अधिवेशनले तीन सदसीय सल्लाहकार समिति गठन गरेको छ। सल्लाहकार समितिमा अवदुल हकिम, मोहन साह र शिव पुजन साह रहेका छन्।

बुधबारै जनकपुरको रोयल प्यालेश होटलमा सम्पन्न अधिवेशनको उद्घाटन समारोहमा मधेश प्रदेशका मुख्य मन्त्री सतिश कुमार सिंहले मन्तव्यसहितको उद्घाटन गरेका थिए। अधिवेशनमा मधेश प्रदेशका ८ जिल्लाबाट करिव २ सय व्यसायीहरु सहभागी भएका थिए।

मधेश प्रदेशका मुख्यमन्त्री सतिश कुमार सिंहले सरकारले गर्ने विकास निर्माण कार्यमा इँटाको प्रयोगलाई प्राथमिकता दिनुपर्नेमा जोड दिएकएका छन्। नेपाल इँटा उद्योग महासंघ मधेश प्रदेशको जनकपुरमा जारी दोस्रो अधिवेशन तथा तेस्रो साधारणसभाको उद्घाटन कार्यक्रमलाई सम्वोधन गर्दै मुख्यमन्त्री सिंहले पछिल्ला दिनहरुमा सडक, ढलजस्ता निर्माण कार्यमा कङ्क्रिटको प्रयोग बढेको भन्दै यस्ता कार्यमा इँटाको प्रयोगलाई प्राथामिकता दिनुपर्ने बताएका हुन्।

निर्माणकार्यमा बद्दो कङ्कीट प्रयोगले पनि जलसतह प्रभावित बन्न पुगेको प्रति मुख्यमन्त्री सिंहले चिन्ता व्यक्त गरे। उनले भने, 'विकासको नाममा सढक ढलान भएको छ, नाला ढलान गरेको छ, पोखरी सौन्दरीकरणको नाममा कङ्क्रिट विछ्याएको छ, जसका कारण जमिनले पानी सोस्ने प्रकृया प्रभावित भईरहेको छ। सढक तथा नाला निर्माणजस्ता विकासको काममा इँटाको प्रयोगलाई प्रदेश सरकाले अवको दिनमा प्राथमिकतामा राख्छ।'

सोही क्रममा इँटा उद्योगमा कामगर्ने दक्ष जनशक्ति अभावमा ठूलो परीमाणमा नेपाली धनरासी विदेशीयको प्रति मुख्यमन्त्री सिंहले चिन्ता व्यक्त गरे। इँटा उद्योगमा आजपनि ९० प्रतिशत भारतीय कामदार प्रयोग हुनेगरेको छ। मुख्यमन्त्री सिंहलले आफ्नै जनशक्ति दक्ष बनाउन धरेलु उद्योग कार्यालयलाई निर्देशन समेत दिए।

प्रदेश सरकारले प्रत्यक एक हजार इँटाको एक सय रुपैयाँ कर लिने गरेको निर्णयका विषयमा पनि छलफल गरेर समायोज गर्न सकिने प्रतिबद्धता जनाए। उनले भने, 'स्थानीय तहले सवैभन्दा धेरै राजस्व उठाउँछ, त्यसमध्ये ६० प्रतिशत स्थानिय तहलाई र ४० प्रतिशत प्रदेशलाई पठाउने व्यवस्था भएपनि त्यहाँबाट रकम आईरहेको छैन। इँटा उद्योगमा प्रदेश सरकाले लगाएको करको विषयमा छलपफल गर्न सकिन्छ।'

महासंघका निवर्तमान केन्द्रीय अध्यक्ष महेन्द्र बहादुर चित्रकारले संघिय सरकाले पुस मसान्तपछिमात्र उद्योगमा फायरिङ्ग खोल्न (इँटा पकाउन) गरेको निर्णय प्रति असन्तुष्टि जनाए। उद्योगीहरु त्यसैपनि आर्थिक मन्दीको सिकार भएको जनाउँदै चित्रकारले सरकारी निर्णय व्यवहारिक नभएको बताए। उनले भने, 'हामीले प्रदुशण न्यूनिकरण र कार्वन उत्सर्जन नियन्त्रणका विभिन्न उपायहरु अपनाई रहेकै छौं, तरपनि सरकारले उद्योगीको पीडा बुझिरहेको छैन।'

सोही क्रममा महासंघका मधेश प्रदेश अध्यक्ष विक्रम साहले उद्योगीहरु ठूलो समस्यामा रहेको जानकारी दिए। उनले भने, 'हामी उद्योगीहरु ठूलो जोखिम मोलेर इँदा उत्पादन गरिरहेका छौं, हाम्रो इँटाले उचित मूल्य पाईरहेका छैनन्।

विकास निर्माणका सम्पूण कार्यमा कङ्क्रिटले इँटा विस्थापीत गरिरहेको छ। आज पनि हाम्रो इँटा विक्रिभईरहेको छैन। सरकाले विकास निर्माणको काममा इँटाको प्रयोगालाई प्राथमिकता दिनु पर्यो।'

कङ्क्रिटको अत्यधिक प्रयोगले जथाभावी उत्खनन भईरहेको छ। जसका कारण भुक्षय र पानिको वाटर टेवल ढाउन भईरहेको छ। यसलाई नियन्त्रण गर्न पनि इँटाको प्रयोग जरुरी रहेको अध्यक्ष साहको भनाई रहेको छ।

उनले आफूहरुले राज्यलाई कर बुझाउने र ठूलो परीमाणमा मजदुरहरुलाई रोजगारी दिईरहेको समेत बताए। 'देशभरी एक हजार ३३९ इँटा उद्योगहरु छन्। त्यसमध्ये ७०० उद्योग मधेश प्रदेशमा मात्र रहेको अध्यक्ष साहले बताए। मन्दिका कारण यो वर्ष मधेशमा ३२० उद्योगमात्र सचालनमा आयो। त्यसमा पनि २०० उद्योग मात्र राम्रोसँग सक्यो।'

**कविता**

## समयको सन्देश



**भोला यादव**
रौतहट पेटभर्वा

समय बोल्दैन, तर धेरै कुरा सिकाउँछ, मा
शान्त रहन्छ तर भित्रभित्रै परिवर्तन ल्याउँछ।
उज्यालो घाम जस्तो कहिले झल्किन्छ,
कहिले कालो बादलझैं मनमाथि छाउँछ।

हिजोको स्मृति आज गीत बनेर गुञ्जिन्छ,
भोलिको डरले आजको आँटलाई हराउँछ।
तर समय त न त रोकिन्छ, न फर्कन्छ,
वर्तमानलाई मात्र सम्हाल्न सुझाउँछ।

सस्तो लाग्छ आज, भोलि महँगो बनिन्छ,
रित्तो घडीले पनि कहिलेकाहीं इतिहास लेखिन्छ।
जो समयसँग सँगै हिड्छ, ऊ नै सफल बन्छ,
जो पछि पर्छ, ऊ भाग्यलाई दोष दिन्छ।

समयको साथ लिनु छ, त्यसैसँग रमाउनु छ,
अन्धकारमै उज्यालो खोज्दै बढ्नु छ।
जुन समय बर्बाद गयौं, त्यो कहिल्यै फिर्दैन,
तर बाँकी पलहरू अझै पनि निरर्थक छैन।

त्यसैले अघि बढ, डर हटाउ, आँखा खोल,
समयको मूल्य बुझ, सपना सजाउ, जीवन बोल।

# वर्षौंसम्म बनेन नेपाल भारत जोडिने पुल



**सुधा देव**

सप्तरी, ४ भदौ । नेपाल भारत सीमा नाकासँग जोडिने पुल वर्षौंदेखि निर्माण हुन नसक्दा सर्वसाधारणले आवतजावत गर्न सास्ती ब्यहोर्नु परेको छ। जिल्लाको तिलाठी कोइलाडी गाउँपालिका बेल्ही भंसार कुनौलिसँग जोडिएको पुल बन्न नसक्दा नेपाल र भारतबाट आवतजावत गर्ने सर्वसाधारणलाई कठिनाई भएको हो ।

बाँसको पुल बनाएर वर्षौंदेखि सर्वसाधारण आवतजावत गर्दै आए पनि १ दशकअघि आएको बाढीले त्यो पुल पनि बगाएपछि त्यसयता सर्वसाधारणले धुलो, हिलो र पानीबाटै आवतजावत गर्नुपर्ने बाध्यता रहेको राजविराज ७ कि सुनिता साहले बताउनुभयो । जिल्लासँग जोडिएको कुनौली बजार जिल्लावासीको किनमेल गर्ने मुख्य बजार भएकोले दिनहुँ यहाँबाट करिब ५० हजार सर्वसाधारणले आवतजावत गर्दै आए पनि पुल निर्माणका लागि कुनै पक्षले चाँसो नदेखाएपछि उक्त बाटोबाट हिँ्ल गर्ने सर्वसाधारणले सास्ती ब्यहोर्न बाध्यता रहेको उहाँले बताउनुभयो ।

कुनौली बजारबाट उपभोक्ताले सस्तो मूल्यमा किराना सामान, धानबाली, गहुँको बिउ, मलखाद्यलगायत सामग्री किनमेल गर्दै आएको स्थानीय देवनारायण यादवले बताउनुभयो । उहाँले भन्नुभयो, "यो बाटो हिँड्नैपर्ने बाध्यता छ। पानी र हिलोको महिनामा जुत्ता, चप्पल हातमा बोकेर हिँड्दै आएका छौँ ।"

राजविराज नगरपालिका–१ चनौराकी अनिता कुमारी यादवले हामी विपन्न परिवार सस्तो सामानका लागि भारती बजारको भरपर्ने बाध्यता एकातिर छ भने पुलको अभावमा बाटो काट्दा सर्वसाधारणले अनेकौं जोखिम उठाउनुपर्ने बाध्यता छ। उहाँले भन्नुभयो, "यात्रा जोखिम भए पनि हामी विपन्न उपभोक्ताले आवतजावत गर्ने पर्ने बाध्यता छ। नेपाल भारतको रोटी बेटीको सम्बन्ध भएकोले विवाह, व्रतबन्ध, उपचार गर्न समेत यहीँ बाटोबाट कुनौली हुँदै भारतबाट जिल्ला आउने र भारत तर्फ सर्वसाधारण जाने गरेका छन् ।

# वडा अध्यक्ष साहको निधन

सप्तरी, ४ भदौ। राजगढ गाउँपालिका– ५ का वडाध्यक्ष देवेन्द्र साहको ७० वर्षको उमेरमा निधन भएको छ। क्यान्सर रोगबाट पीडित उनको उपचारका क्रममा चिवनको भरतपुर क्यान्सर अस्पतालमा आज बिहान निधन भएको सोही गाउँपालिकाकी उपाध्यक्ष रेणुदेवी मण्डलले बताइन्। जनता समाजवादी पार्टीबाट निर्वाचित उनी तीन वर्षदेखि क्यान्सरबाट पीडित थिए। उनका दुई छोरा र तीन छोरी छन् ।

# क्षयरोगी खोज्न घरदैलोमा स्वास्थ्यकर्मी

**जनार्जन खत्री**

सर्लाही, ४ भदौ। सर्लाहीको लालबन्दी नगरपालिका–२, पुनर्वासमा क्षयरोगीको उपचार र नयाँ क्षयरोगी पत्ता लगाउन स्वास्थ्यकर्मी घरघरमै पुग्न थालेका छन्। पुनर्वास क्षेत्र पछिल्लो समय क्षयरोग (टीबी) को 'हटस्पट' नै बनेको छ। गत आर्थिक वर्ष २०८१–८२ मा यहाँ ३५ जना नयाँ क्षयरोगी फेला परेका आधारभूत स्वास्थ्य सेवा केन्द्र पुनर्वासका कार्यालय प्रमुख सन्तोषकुमार साहले जानकारी दिनुभयो। यस वडामा अघिल्लो आर्थिक वर्ष २०८०–८१ मा आठ जना र त्यसअघि आर्थिक वर्ष २०७९–८० मा तीन जनामा क्षयरोगको सङ्क्रमण पुष्टी भएको थियो। स्वास्थ्य सेवा केन्द्रका इन्चार्ज साहका अनुसार नयाँ फेला परेका क्षयरोगका अधिकांश बिरामीले नियमित उपचार गराइरहेका छन्।

ती बिरामीलाई घरघरमै पुगेर उपचार गर्ने र नयाँ बिरामीको खोजी गर्न घरदैलो कार्यक्रम सञ्चालन गरिएको आधारभूत स्वास्थ्य सेवा केन्द्रका प्रमुख साहले बताउनुभयो। उहाँका अनुसार शंकास्पद व्यक्तिको घरमै गएर खकार सङ्कलन गर्ने र स्वास्थ्यकर्मीले नै नगर अस्पताल लालबन्दीमा ल्याएर खकार परीक्षण गर्ने काम गर्दै आइरहेका छन्। "हामीले जिम्मेवारी भन्दा बाहिरको काम अन्तर्गत निस्वार्थ ढंगले घरघरमै गएर बट्टामा खकार संकलन गर्नेदेखि ल्याबसम्म लगेर परीक्षण गराइदिने गरिरहेका छौँ," उहाँले भन्नुभयो, "कतिपय बिरामीलाई त आफ्नै सवारी साधनमा हालेर अस्पतालसम्म पुर्‍याउने कामसमेत भइरहेको छ।" पुनर्वासमा अधिकांश दलित ( पासवान) समुदायको बसोवास रहेको छ।

क्षयरोग सङ्क्रमित बिरामीले खोक्दा वा हाछ्यूङ गर्दा थुकको छिटाको माध्यमबाट तथा बिरामीको जुठो खाँदा सर्ने चिकित्सकले बताएका छन्। लालबन्दी नगरपालिकाभित्र अहिले १८५ जना क्षयरोगी रहेका स्वास्थ्य शाखाले जनाएको छ। स्वास्थ्य शाखा प्रमुख मुमताज मिकरानीका अनुसार सबैभन्दा बढी क्षयरोगी लालबन्दी–२, पुनर्वास क्षेत्रमै रहेका छन्। दलित बस्तीमा सरसफाइको कमी र पोषणयुक्त खानेकुराको अभावले गर्दा सङ्क्रमण बढी देखिएको स्वास्थ्य शाखा संयोजक मिकरानीको भनाइ छ।

उहाँले भन्नुभयो, "अशिक्षाका कारण सरसफाइको कमी छ। उहाँहरूसँग पर्याप्त पोषणयुक्त खानेकुरासमेत छैन्।" आर्थिक अवस्था दयनीय रहेका क्षयरोगीका बिरामीलाई नगरपालिकाबाट बेलाबेलामा खाद्यान्न तथा पौष्टिकयुक्त खानेकुरा प्रदान गर्दै आइरहेको नगरपालिकाको स्वास्थ्य शाखाले जनाएको छ।

क्षयरोगीलाई सरकारले निःशुल्क औषधी प्रदान गर्दै आइरहेको छ। स्वास्थ्यकर्मीका अनुसार क्षयरोगीले कम्तीमा छ महिना अनिवार्य र त्यसपछि चिकित्सकको सल्लाहअनुसार औषधी सेवन गर्नुपर्ने हुन्छ।

# वीरगन्ज महानगरका पूर्वमेयर सुवेदी राप्रपामा प्रवेश

वीरगन्ज, ४ भदौ। वीरगन्ज महानगरपालिकाका पूर्वमेयर प्रदीप सुवेदी राप्रपामा प्रवेश गरेका छन्। राप्रपाका कार्यसम्पादन समिति सदस्य, सांसद दीपकबहादुर सिंहले वीरगन्जमा आयोजित विस्तारित बैठकका क्रममा सुवेदीलाई पार्टीको सदस्यता प्रदान गर्दै पार्टीमा स्वागत गरेका हुन्। लामो समय तत्कालीन राप्रपा नेपालमा सक्रिय सुवेदी पछिल्लो समय पार्टीगत रूपमा निष्क्रिय रहँदै आएका थिए। केन्द्रीय पर्यवेक्षकका रूपमा पर्सामा खटिएका नेता सिंहले वीरगन्जमा आयोजित जिल्लाको विस्तारित बैठकका क्रममा सुवेदीलाई पार्टी प्रवेश गराएका हुन्।

पार्टी प्रवेशपछि सुवेदीले हिन्दुराष्ट्र र राजसंस्था पुनः स्थापना र देशको विद्यमान अवस्थामा परिवर्तन गर्न राप्रपालाई बलियो बनाउनुपर्ने बताए। उनले राप्रपालाई बलियो बनाउन समान विचार भएकाहरु संगठित हुनुपर्ने आवश्यकता बोध गर्दै आफू राप्रपामा समाहित भएको समेत बताए। 'छिन्नभिन्न भएका देशभक्त राष्ट्रवादीहरू अलग अलग भएर हुँदैन, राप्रपालाई सबल, सक्षम र अग्रणी शक्तिको रूपमा स्थापित गर्नुपर्छ' सुवेदीले भने।

विस्तारित बैठकले पर्साका सबै स्थानीय तहमा पार्टीको संरचना विस्तार गर्ने, कमिटी नभएका ठाउँमा कमिटी बनाउने, निष्क्रिय रहेका कमिटीलाई सक्रिय तुल्याउने र समयमै स्थानीय तह, प्रदेशसभा समिति, क्षेत्रीय समिति र जिल्लाको अधिवेशन गर्ने निर्णय गरेको जिल्ला अध्यक्ष सुमेश्वरनाथ उपाध्यायले जानकारी दिएका छन्।

छुवाछुत एक सामाजिक अपराध र मानव अधिकारको हनन् हो। समाजबाट छुवाछुत प्रथा हटाउने दायित्व प्रत्येक नागरिकको हो। छुवाछुतलाई कानूनले दण्डणीय अपराध घोषणा गरेको छ।


# नवराजपुर गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### नवराजपुर, सिरहा
मधेश प्रदेश, नेपाल

## निःशुल्क तालीम सचालन सम्बन्धी सूचना

मिति : २०८२/०५/०४

उपरोक्त सम्बन्धमा यस नवराजपुर गाउँपालिकाको समन्वय र सहकार्यमा **पोखरा भ्याली टेक्निकल ट्रेनिङ्ग ईन्ष्टिच्युट प्रा.लि** मा विभिन्न विषयमा निःशुल्क खाना बस्न सहितको सीप मुलक तालीम विभिन्न दर्तीय निकायको आर्थिक सहयोग बाट संचालन हुन लागेको हुदाँ यस गाउँपालिकामा रहेको युवा वैदेशीक रोजगार तथा स्वदेशमा रोजगारी र उद्यमी बन्न चाहने बेरोजगार युवाहरुलाई तपशिलका तालीम मा समावेश हुनको लागी यस गाउँपालिकाको रोजगार सेवा केन्द्रमा आवेदन दिनु हुन व्यहोरा जानकारीको लागी अनुरोध छ।

**तपसिल**

| क्र.सं. | तालीम विषय | अवधि | सहभागीको उमेर | शैक्षिक योग्यता | कैफियत |
|---|---|---|---|---|---|
| १. | सिकर्मी र सटरिङ्ग | ४ महिना | १७–४० वर्ष भित्रका | साधारण लेखपढ | १० जना |
| २. | डकर्मी प्लम्वर र स्टिल फिक्र्चर | ४ महिना | | | १० जना |
| ३. | इलेक्ट्रोनिक तथा मोबाईल मर्मत | ४ महिना | १७–२७ वर्ष भित्रका | ८ कक्षा उत्तीर्ण | २ जना |
| ४. | वेशिक र एड्भान्स इलेक्ट्रिकल | ६ महिना | | | २ जना |

**आवश्यक कागजातहरु**

१. नेपाली नागरिकताको प्रतिलिपी १ थान
२. पासपोर्ट साईजको फोटो..
३. शैक्षिक प्रमाणपत्रहरु प्रतिलिपि १ थान
४. अभिभावक मन्जुरी नामा र सम्झौता पत्र.... १ थान
५. धरौटी रकम फिर्ता हुने गरी रु. ५०००/– मात्र

**तालीमका सेवा सुविधाहरु**

१. तालीम पूर्ण रुपमा निशुल्क
२. खाना तथा बस्न निशुल्क व्यवस्था
३. प्रत्येक महिना रु. १००० निर्वाह भत्ता पाउने
४. आउने र जाने बस भाडा (एक पटक) को व्यवस्था

**आवेदन दिने अन्तिम मिति** : २०८२/०५/२५
**तालीम संचालन मिति** : २०८२/०७/११ देखि
**नोट**:– तालिम पुरा भईसके पछी वैदेशिक रोजगारी तथा स्वदेशमा रोजगारीको अवसर प्राप्त गर्न समेत सहजीकरण गरिने छ।
**बोदार्थ**:– श्री वडा कार्यालय सबै (सूचना सम्प्रेषन गरिदिनु हुन)

**प्रमुख प्रशासकीय अधिकृत**


मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक : राम बाबु यादव**, **सम्पादक** : कमलेश कुमार यादव, **सह–सम्पादक** : सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकार**: कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले–आउट : मार्गानुगामी दैनिक कार्यालय** : गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail :* mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक** : न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)